## जरे समूहका तरकारीको उन्नत खेती तथा बीउ उत्पादन प्रविधि

तारी सिंह ठकुराठी
अधिकृत छैटौ

**परिचय :-**

जरे तरकारी बाली अन्तर्गत मुला, सलगम, गाजर र चुकन्दर पर्दछन् भने अरु तरकारीको रुपमा प्रयोगमा ल्याईने तरुल, पिंडालु र सखरखण्डहरु पनि जरे बाली अन्तर्गत लिन सकिन्छ । हाम्रो देशमा जरे तरकारी बालीहरु मध्ये सर्व प्रथम मुला तरकारीले पहिलो स्थान ओगटेको छ । यसै गरी दोश्रो स्थानमा सलगम, गाजर र अन्य बालीहरु पर्दछन् ।

**१. मुला खेती :-**

अंग्रेजीमा मुलालाई ऱ्याडिस भनिन्छ । नेपालमा मुला निकै प्रचलित तरकारी बालीको रुपमा लिईने गरिन्छ । यसलाई खेत बारीमा एकल बालीका रुपमा लगाउनुको साथै अरु बाली संग मिसाएर वा छेउ छाउको ड्याङ्गमा लगाईन्छ । पोषण तत्वको दृष्टीकोणले यसको पातमा भिटामिन ए पाईन्छ । त्यसै गरी केही अंशमा भनेपनि प्रोटीन, खनिज पदार्थ, कार्बोहाईड्रेट, क्याल्सियम, फस्फोरस, आईरन आदी पोषम तत्व पनि पाईन्छ । यसले हाम्रो शरिरको पाचन कृयामा मद्धत गर्दछ । मुलाको प्रयोग कांचै वा अन्य तरकारीमा मिसाई पकाएर वा अचार बनाई वा सिन्की बनाएर खाने प्रचलन छ । हालको अवस्थामा नेपालमा बिक्री हुने तरकारीहरुको बीउ मध्ये ५० प्रतिशत भन्दा बढी स्थान मुलाको बीउले ओगटेको छ ।

**जातहरु :-** (क) मिनुअर्लि:- यो जात नेपालमा ज्यादै प्रचलित भै सकेको छ । यसको जरा सेतो, सरदर ४० से.मी लामो र करिब ८ से.मी गोलाईको हुन्छ । बीउ छरेको सरदर ४०-५० दिन पश्चात जरा खाने लायकका हुन्छन् । यो जातको स्वाद गुलियो गुलियो हुन्छ ।

(ख) चालीस दिने:- यो मुला गर्मी याममा लगाउन हुने र चांडो जरा तयार हुने भएकोले निकैनै प्रचलित भै सकेको छ । यसको लम्बाई करिब १५ से.मी लामो हुन्छ । बीउ छरेको ३०।४० दिनमा जरा खान लायकका हुन्छन् ।

(ग) प्युठाने रातो:- यो नेपालको स्थानिय जातको मुला हो । माटो माथीको जरा रातो रङ्गको हुन्छ र माटो मुनिको भाग पिक्का रातो हुन्छ । पातका नशाहरु पनि रातोनै हुन्छ । यो जातको मुला ढिलो तयार हुन्छ । जराको लम्बाई ४० से.मी लामो सम्म हुन्छ ।

(घ) टोकिनासी:- यो धेरै ढीलो तयार हुने जात हो । यस्ले ठण्डी सहन सक्दछ, त्यसैले यस जातको खेती मंसिर , पौष महिनामा गरिन्छ । बीउ छरेको ४०।५५ दिनमा बाली तयार हुन्छ । यसको पात गाढा हरियो तथा खस्रो अनि ठाडो हुन्छ । यसको लम्बाई ३०-४० से.मी हुन्छ ।

अन्य जातहरुमा ह्वाईट नेक, ह्वाईटलङ्ग र चेतकी आदी पनि नेपालमा खेती गरेको पाईन्छ । ह्वाईट नेक ६०-६५ दिन, ह्वाईटलङ्ग ६०-६५ दिन, चेतकी ४०-४५ दिन लाग्छ ।

यी जातहरु मध्ये मिनुअर्लि, व्हाईटनेक, प्यूठाने रातो नेपालको मध्ये पहाडमा सबै भन्दा राम्रो मानिन्छ भने टोकिनासी मुलाको लागी उच्च पहाड याने २००० मीटर भन्दा माथी राम्रो मानिन्छ ।

**हावापानी :-** मुला खेती साधारण तया हिउंद महिनामा गरिन्छ । त्यसैले यस्को खेती चिसो हावापानीमा राम्रो हुन्छ । गर्मी महिनामा बिशेष गरी तापक्रमको कारण मुला कडा हुने, पिरो हुने र चांडै नै डुकु पलाउने हुन्छ । यस खेतीको लागी १८-२४ डिग्री सेलसियस तापाक्रम उत्तम मानिन्छ । माटोको चिस्यान ६०-७० प्रतिशत भै रहयो भने खेती राम्ररी सप्रन्छ ।

**माटो :-**मुला खेती सबै किसिमको माटोमा गर्न सकिने भएता पनि हल्का बुरबुराउँदो दोमट देखि बलौटे प्राङ्गारिक मल बढी भएको ठाउँमा मुलाको उत्पादन राम्रो हुने गर्दछ ।

**जमिनको तयारी :-**जमिन ३-४ पटक खनजोत गरी राम्ररी डल्ला फोर्नु पर्दछ । त्यसपछि मात्र ड्याङ्ग बनाउने वा सम्याउने काम गर्नु उपयूक्त हुन्छ ।

**मलखाद :-**राम्ररी सडेको ( कुहिएको ) मल १००० के.जी. प्रति रोपनी अथवा ४० डोको प्रति रोपनी जमिन तयार गर्दा हाल्नु पर्दछ । नसेडेको कम्पोष्ट मल हाल्नु हुँदैन किन भने यसले गर्दा कापे जरा बृद्धि गर्नमा बढावा दिन्छ । कम्पोष्ट मलको साथ साथै रसायनिक मलको पनि व्यवस्था गर्न सकेको खण्डमा राम्रो उत्पादन लिनमा सक्षम भईन्छ । रसायनिक मलको हकमा ३ के.जी. नाईट्रोजन ,२ के.जी. फस्फोरस, र २ के.जी. पोटास प्रति रोपनीका दरले प्रयोग गर्नु पर्दछ । रसायनिक मल प्रयोग गर्दा तोकिएको फस्फोरस र पोटास तत्व जमिन तयारी गर्दा हाल्नु पर्दछ र नाईट्रोजनको हकमा २ के.जी. र बाँकी एक किलो बाली लगाएको झण्डै एक महिना पछि
( साईड ड्रेसिङ्ग ) बोटको चारै तिर तर जरा भन्दा अलि पर हाल्नु पर्दछ ।

**बाली लगाउने समय:-** नेपालमा मुला खेती लेक, पहाड र तराईका बिभिन्न स्थानहरुमा बेग्ला बेग्लै समयमा गरिन्छ ।

मिनोअर्लि मुलाको हकमा लेकाली भेगमा बैशाख देखि श्रावण सम्ममा रोपी भदौ अशोजमा तयार हुन्छ । उच्च पहाडमा जेष्ठ-श्रावण महिनामा वा भाद्र महिनाको १५ सम्ममा लगाई सक्नु पर्ने हुन्छ । मुलाको उत्पादन आषाढ-अशोजमा हुन जान्छ । मध्ये पहाडको हकमा भाद्र १५ देखि अशोज १५ सम्म लगाउनु पर्दछ र मंसिर-माघमा बाली तयार हुन जान्छ । तर बीउ बाट बीउ उत्पादन गर्ने हो भने कार्तिक महिनामा लगाउनु पर्दछ । तराई क्षेत्रको लागी हो भने भदौ अशोजमा बीउ रोपी मंसिर-माघमा बाली तयार हुन्छ ।

चालिस दिने मुलाको हकमा उच्च पहाडमा जेष्ठ-श्रावणमा बीउ रोपी आषाढ-अशोजमा बाली तयार हुन्छ। मध्ये पहाडी भेगमा फाल्गुण चैत्रमा बीउ रोपी बैशाख-आषाढमा बाली तयार हुन्छ। त्यसै गरी तराई क्षेत्रको लागी माघ-फाल्गुणमा बीउ रोपेर फाल्गुण-बैशाख महिनामा बाली लिने काम हुन्छ।

प्यूठाने रातोको हकमा उच्च पहाडमा बैशाख-श्रावणमा बीउ रोपी आषाढ-अशोजमा बाली लिईन्छ। मध्ये पहाडमा भाद्र-अशोजमा बीउ रोपी मंसिर-माघमा बाली तयार हुन्छ ।

त्यसै गरी तराईमा भादै-अशोजमा बीउ रोपी मंसिर-माघमा बाली लिने काम हुन्छ।

टोकीनासी मुलाको लागी उच्च पहाडमा भाद्र-कार्तिकमा बीउ रोपी अशोज-मंसिरमा बाली लिईन्छ। मध्ये पहाडको लागी भाद्र-माघमा बीउ रोपी कार्तिक-चैत्रमा बाली लिईन्छ र तराईको लागी हो भने अशोज-माघ महिनामा बीउ रोपी कार्तिक-चैत्र महिनामा बाली लिने काम हुन्छ।

**बीउ रोप्ने दुरी :-**१-१.५ फिटको फरकमा ४-५ ईन्च माटो उठ्ने गरी ड्याङ्ग बनाउने। ९-१० इन्चको फरकमा एक डोबमा २-३ दाना मुलाको बीउ खसाल्नु पर्दछ। त्यस पछि जव मुला
२-३ पाते हुन्छ , त्यति बेला एक डोबमा एक बोटमात्र रहने गरी उखेली तरकारी खान सकिन्छ।

**जरा लगाउने बिधि:-**तयार भएको जरालाई एक लहर देखि अर्को लहर सम्म ६० से.मी र एक बोट देखि अर्को बोटको दुरी ३० से.मी फरक गरी लगाउनु पर्दछ। जरा सार्दा पातको डांठ ६ से.मी जती राखेर सबै पात काट्नु पर्दछ।

**पृथकता दुरी:-**मुल बीउ उत्पादनको लागी १६०० मीटर र उन्नत बीउ उत्पादनको लागी १००० मीटरको दुरी हुन जरुरी हुन्छ।

**सिंचाई :-**बाली अवधि भरमा कति पटक पानी दिने भन्ने सन्दर्भमा मौसम, माटोको किसिम, माटेमा प्राङ्गारिक पदार्थको मात्रा र बालीको उमेरमा भर पर्दछ ।जे होस् माटो सुख्खा भयो भने मुला कडा र पिरो तथा खस्रो भई आकर्षित हुँदैन ।त्यसैले माटोमा चिस्यानको मात्रा भई रहनु जरुरी हुन्छ।

**गोडमेल :-** झारपात उम्रन र बढ्न दिनु हुँदैन। मुला खेतीमा कम्तिमा पनि २ पटक गोडमेल गर्दा राम्रो हुन्छ। यदी झार उम्रन नदिने र रसायनिक औषधीको प्रयोग गर्ने हो भने वेसालिन भन्ने झार नियन्त्रक औषधी मुला रोप्ने भन्दा अगावै खनजोत गरी माटोमा १ किलो प्रति रोपनी हाल्नाले झार नियन्त्रणमा मद्धत पुग्छ।

**बीउ दर** :- ३००-५०० ग्राम प्रति रोपनी प्रयाप्त हुन्छ।

**उत्पादन :-**

एक रोपनी क्षेत्रफलको बाट ताजा तरकारीको रुपमा १०००-२५०० के.जी सम्म मुलाको जात हेरी उत्पादन हुन सक्दछ भने बीउ उत्पादनको लागी बिभिन्न जात अनुसार फरक फरक हुन्छ। बीउ उत्पादनः-उच्च पहाडी भेगमा सरदर २५ के.जी प्रति रोपनी

मध्ये पहाडी भेगमा सरदर ३५-५० के.जी ,,
तराई भेगमा सरदर ३५ के.जी ,,

## २. गाजर खेती :-

अंग्रेजीमा यसलाई क्यारोट भनिन्छ। गाजरमा क्यारोट ( भिटामिन ए.) बढी हुने भएकोले गत केही दशक नेपालमा गाजर खेती गर्ने प्रचलन बढ्दै गएको छ।

**हावापानी :-**जरा हुर्किन तापक्रमको आवश्यकताको आधारमा गाजरका जातहरु दुबै बर्गमा बिभाजित गरिन्छ।
(अ) उष्ण प्रदेशिय एसियाली जात
(आ) शितोष्ण प्रदेशिय अथवा यूरोपेली जात

उष्ण प्रदेशिय जातलाई जराको बिकास हुन शितोष्ण प्रदेशिय जातलाई भन्दा बढी तापक्रम चाहिन्छ। जराको रामैरी बिकास हुन १८-२० डि.से. तापक्रम उचित हुन्छ। उच्च तापक्रममा जराको रंग जमिन माथि हरियो र जमिन मुनी सेतो हुन्छ। जसले भिटामिन ए को कमी भएको जनाउँछ।

**लगाउने दुरी :-**एक लाईन देखि अर्को लाईनको दुरी ९-१० ईन्च, एक बोट देखि अर्को बोटको दुरी ३-५ ईन्च हुन उपयूक्त हुन्छ।

**पृथकता दुरी:-** मुलाको जस्तै हुनु पर्दछ।

**लगाउने समय** :- बीउको लागी लगाउंदा चैत्र देखि आषाढ सम्म अर्थात श्रावणको १५ सम्ममा लगाई सक्नु पर्दछ र मंसिर महिनामा जरा उखेली सार्नु पर्दछ। ताजा तरकारीको लागी भने मध्ये पहाडमा भाद्र -असोज महिनामा

**बीउ दर** :- २०० ग्राम प्रति रोपनी

**जातहरु** :- न्यूकोरोडा र नान्टीस फोटो

**उत्पादन :-** ६००-७०० के.जी. प्रति रोपनी ताजा तरकारीको उत्पादन हुन्छ भने बीउको हकमा २५-३० के.जी प्रति रोपनी हुन सक्दछ ।

## ३. सलगम खेती :- अंग्रेजिमा टर्निप भनिन्छ।

**जमिनको तयारी** :- मलखाद, सिंचाई, गोडमेल आदी मुलाको जस्तै गर्नु पर्दछ।

**बीउ दर** :- २०० ग्राम प्रति रोपनी प्रयाप्त हुन्छ।

**लगाउने दुरी** :- एक लाईन देखि अर्को लाईनको दुरी ९ ईन्च देखि १ फिट र एक बोट देखि अर्को बोटको दुरी ७-८ ईन्च उपयूक्त हुन्छ ।

**लगाउने समय :-** मध्ये पहाडमा भाद्र - असोज महिनामा ।

**उत्पादन** :- ७००-१५०० के.जी. प्रति रोपनी ताजा तरकारी र ४० के.जी सम्म बीउ उत्पादन हुन सक्दछ ।

**४. चुकन्दर खेती** :-

अंग्रेजीमा वीट भनिन्छ । यो काँचै सलगमको रुपमा प्रयाेग गरिन्छ । अमेरिका र यूरोप देशमा बिशेष गरी पशुहरुलाई खुवाउन प्रयोग गरिन्छ । यो खेतीले चिसो मौसम रुचाउँछ ।

**जातहरु**: डेट्रोइट डार्क रेड र अर्लि व्लड टर्निप ।

**बीउ दर :-** ५० ग्राम प्रति रोपनी ।

**लगाउने दुरी** :- एक लाईन देखि अर्को लाईनको दुरी ८-९ ईन्च देखि १ फिट र एक बोट देखि अर्को **बोटको दुरी** :- ३-५ ईन्च उपयूक्त हुन्छ ।

**लगाउने समय** :- मध्ये पहाडमा भाद्र - असोज महिनामा ।

**उत्पादन** :- १०००-१२०० के.जी. प्रति रोपनी, बीउ उत्पादन ५० के.जी प्रति रोपनी ।